जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २३२ • २०८१ साल माघ ४ गते शुक्रबार (17 January, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मुख्यमन्त्रीबाट मार्ग प्रशस्तदेखि मनिमाइन्डेड मन्त्रीसम्मको चर्चा





**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा मुख्यमन्त्रीको कार्यक्षमतामाथि प्रश्न उठाउँदै सत्ता गठबन्धन दलका नेताहरुले आलोचना गर्न थालेका छन् ।

सत्तागठबन्धनका घटक लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता जितेन्द्र सोनलले कार्यक्षमतामाथि प्रश्न उठाउँदै तत्काल मार्गप्रशस्त गरिदिनका लागि मुख्यमन्त्री सतीशकुमार सिंहसंग आग्रह गरेका छन् ।

प्रदेशसभामा बिहीबारको बैठकमा बोल्दै पूर्वमन्त्रीसमेत रहेका नेता सोनलले जनलोकल्याणकारी कार्य गर्न नसकेपछि विगतमा कतिपय प्रधानमन्त्रीहरुले स्वयम् समीक्षा गरी स्वेच्छाले पदबाट राजीनामा दिएर जनतालाई सहजता प्रदान गरेको स्मरण गरे । उनले सो कुरा मुख्यमन्त्री सिंहप्रति इंगित गर्दै जनताको जनकल्याणकारी कार्यमा सर्विस डेलेभरीको कार्य गर्न चुकिरहेको भन्दै मार्गप्रशस्त गरी प्रदेशवासीलाई सहजता प्रदान गर्न आग्रह गरे ।

नेता सोनलले भने, ' विगतमा मुलुकका कतिपय प्रधानमन्त्रीले पनि काम गर्न नसकेपछि स्वेच्छाले पद छाडेका छन्, अहिलेको प्रदेश सरकारले पनि काम गर्न सकिरहेको छैन, विकास निर्माणको काम, आर्थिक खर्चको काममा पनि उत्साहजनक अवस्था नहुँदा बडो विडम्वनापूर्ण स्थिति छ, गठबन्धन भित्र पनि सन्तुष्टि छैन, त्यही भएर आफ्नो स्वेच्छाले मार्ग प्रशस्त गरिदिन आग्रह छ ।'

जनमत पार्टी नेतृत्वको प्रदेश सरकारले पहिलेपहिले किसानको हक अधिकारका लागि अनेकन कार्यहरु गर्ने दाबी गर्दै मलखाको उद्योग कलकारखानाको स्थापना गरी किसानलाई राहत, युवालाई रोजगारी दिने प्रतिवद्धता गरे पनि सो कार्य गर्न नसक्नु बिडम्वना रहेको उनको भनाइ छ ।

नेता सोनलले मधेश प्रदेशमा किसानलाई मलखाद्यको लागि मोटो रकम तिरेर पनि सहजढंगले पाउन नसक्नु, सिचाँइको अवस्था झनै जटिल हुँदै जानुले प्रदेश सरकार उदांगिएको बताउँदै आफ्नो स्वमूल्यांकन गरी मार्गप्रशस्त गर्न जिकिर गरे ।

त्यस्तै नेकपा एमालेबाट निर्वाचित भएका प्रदेश सांसद लखन दास तत्माले मधेश प्रदेश सरकारको बेथिति चरम रहेको भन्दै दुखसो पोखेका छन् ।

आफ्नै पार्टी गठबन्धनको सरकार रहे पनि मधेश प्रदेश सरकारप्रति कटाक्ष गर्दै नेता दासले मधेश प्रदेश सरकारका दुई जना मन्त्री मनि माइन्डेड मनिस्टर रहेको टिप्पणी गरेका छन् ।

प्रदेश सांसद दासले मनि माइन्डेड मन्त्रीहरु रातभर खाने भोली फेरि खानका लागि बाटो खोज्ने प्रवृत्तिको रहेकाले उनीहरुबाट मधेश प्रदेशको विकास हुनेमा आफू आश्वस्त नरहेको बताए ।

सत्तागठबन्धनका घटक चार दलको बैठकबाट पुनः उपभोक्ता समिति व्यूत्याउँने गरी संकल्प प्रस्ताव ल्याउन लागेको भन्दै नेता दासले आपत्ति जनाउँदै उपभोक्ता समितिको नाममा विकासे योजना विक्रीवितरणको बाटो खोलेर दलाल ठेकेदारहरुको विगविगी बढ्ने आरोप लगाए ।

### रेलमा झेल

## मुआब्जा नदिइ रेल विभागले टेन्डर गरेपछि स्थानीय आक्रोशित

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिवासका जग्गाधनीले अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले टेन्डर प्रक्रिया थालेको भन्दै विरोध गरेका छन् । जनकपुरधाम- बर्दिवास रेल परियोजना अन्तर्गत बर्दिवास नगरपालिकामा रहने स्टेसन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गरिरहेका १४ घरपरिवारहरूले सीमांकन गरेर विवाद समाधानपछि मुआब्जा वितरण गर्न रेल विभागसंग माग गर्दै आएका छन् । मुआब्जाका लागि उनीहरुले पटकपटक आन्दोलनसमेत गर्दै आएका छन् ।



सो विभागले लामो समयदेखि सो स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाइ हतारहतारमा टेन्डर प्रक्रिया थालेका कारण नसक्दा काम अघि बढ्न सकेको छैन ।

स्टेसन छेउमा रहेको सो जग्गा २०२२ सालमा नापीले जापजाँच गरेको थियो । तर सो बेला लालपुर्जा भने लिन छुटेको थियो । लालपुर्जा लिएको जग्गा २०७८ सालमै प्रतिकठ्ठा ६१ लाख रुपैयाँमा मुआब्जा वितरण भइसकेको छ । लालपुर्जा लिन छोडेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको जनाइएको छ । रेल विभागका प्रवक्ता कमल कुमार शाहले दिएको जानकारी अनुसार सो जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा विभाग प्रस्ट रहे पनि लालपुर्जा नभएको कारण दिन नसकिएको बताए । सो जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरिए पनि सरकारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको बताउँछन् ।

> रेल विभागका प्रवक्ता कमल कुमार शाहले दिएको जानकारी अनुसार सो जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा विभाग प्रस्ट रहे पनि लालपुर्जा नभएको कारण दिन नसकिएको बताए ।

सो क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेका छन् । मुआब्जा नपाएकामध्ये एकजना पीडित माधव दाहाल यो जग्गा ऐलानी नभएर नम्बरी नै रहेको भन्दै लालपुर्जा मात्रै लिन छुटेको बताउँछन् । २०७८ सालमा प्रतिकठ्ठा ६१ लाख दिइएको जग्गामा तीन वर्षको मूल्यवृद्धि जोडेर मुआब्जा पाउनुपर्ने उनले बताए ।

आफूहरूले घरबारविहीन भएर हिँड्नुपर्ने अवस्था आएको भन्दै अर्को ठाउँमा बसोबास गर्नसक्ने पैसा सरकारले दिनुपर्ने उनले बताए । यसबारे पीडितसँग विभाग र ठेकेदारले स्थानीयसँग पटकपटक वार्ता गरेका थिए । तर स्थानीयले सिमांकन गरी मुआब्जा नदिएसम्म काम गर्न नदिने अडान राखेपछि ठेकेदारले पनि सो क्षेत्रमा काम अघि बढाउन मानेनन् ।

रेल विभागले सीमांकन बिनै टेन्डर गरिदिँदा स्थानीयवासीको जग्गाहरू जथाभाबी अधिग्रहण गरेका छन् । एउटै मापदण्डमा परेका जग्गाहरूको मुआब्जा आफूखुसी फरक-फरक दरमा दिइएको छ । कतिलाई समयमै मुआब्जा दिइएको छ भने कतिलाई वर्षौं धाउँदासमेत मुआब्जा उपलब्ध नगराउँदा स्थानीवासी आन्दोलित छन् ।

यसले स्थानीय जनता लामो समयदेखि समस्यामा परेको भन्दै पटकपटक आन्दोलन गरिरहेका छन् । अधिग्रहण गरेको जग्गा कति हो भन्ने यकिन र सीमांकन नगरी हतार-हतारमा टेन्डर प्रक्रिया थाल्नुले विभागको नियतमा शङ्का उत्पन्न भइरहेको बर्दिबासका स्थानीयवासीको भनाइ छ ।

सीमांकन नगरी माटो फिलिङ गर्दा अधिग्रहण नगरिएको जग्गामा माटो पुरिँदा आउने दिनमा विवाद सिर्जना हुने र आयोजनाको निर्माणमै ढिलाइ हुने भएको छ ।






# विपद् व्यवस्थापन प्रतिकार्य अभ्यास




टुडे समाचारदाता

बर्दिवास । महोत्तरीको बर्दिवासमा सशस्त्र प्रहरीले विपद् व्यवस्थापनसम्बन्धी प्रतिकार्यको नमूना कृत्रिम अभ्यास प्रदर्शन गरेको छ। २७ औं भूकम्प सुरक्षा दिवसको सन्दर्भमा नमूना कृत्रिम अभ्यासको सेमुलेसन कार्यक्रम आयोजना गरेको सशस्त्र प्रहरीको छिन्नमस्त बाहिनीले जनाएको छ।


सो अभ्यासमा भूकम्पपछि तालिमप्राप्त सुरक्षाकर्मीहरुले छिटो र छरितो रुपमा उद्धार कार्य कसरी गर्न सकिन्छ भन्ने देखाएका थिए । जिल्लाको बर्दिवास नगरपालिका-४ स्थित माध्यमिक विद्यालय कामीडाँडाको प्रांगणमा देखाइएको विपद् व्यवस्थापन अभ्यास सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी र नं. ३९ रिजर्भ गण हेडक्वार्टर महोत्तरीको संयुक्त आयोजनामा भएको सशस्त्र प्रहरीले जनाएको छ।

विपद् व्यवस्थापन अभ्यास कार्यक्रममा बोल्दै गृह सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले विपद् व्यवस्थापनसम्बन्धी सशस्त्र प्रहरीले गरेको नमूना अभ्यास निकै महत्वपूर्ण रहेको बताए । विपद् पूर्वतयारीका लागि यस्ता अभ्यास आममानिसलाई देखाउन र तयारीका लागि सुरक्षाकर्मीलाई समेत सक्षम बनाउन जरुरी रहेको मन्त्री लेखीले बताए।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले सीमित स्रोत र साधनका बीच कसरी प्रभावकारी तयारी गर्न सकिन्छ भन्ने विषयमा योजना बनाएर विपद् पूर्वतयारी गर्नपर्ने बताए । विपद् प्राधिकरण गठन गर्न सके विपद् पूर्वतयारीका लागि निकै महत्वपूर्ण कदम हुने थियो । स्थानीय तह र सुरक्षा निकायलाई अझ सबल र सक्षम बनाउँदै विपत् उद्धार सामग्रीहरू प्रदान गर्ने र विद्यालयस्तरमा विपत् उद्धारका पूर्वतयारी अभ्यासहरू बढीभन्दा बढी देखाएर समुदायलाई नै बलियो बनाई क्षति न्यूनीकरण गर्न सकिने कवारीको कथन छ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीले नेपाल विपतको दृष्टिकोणबाट जोखिमपूर्ण रहेको उल्लेख गर्दै पूर्वतयारीलाई व्यापक बनाउने उद्देश्यले विद्यालयस्तरमै अभ्यास कार्यक्रम आयोजना गरेको बताए। सचेतनाका अभ्यास देखाउने र प्रतिकार्यका लागि सबैलाई सक्षम बनाउन सके क्षति न्यूनीकरण गर्न सकिने उनको भनाइ थियो।

# सरकारका कामलाई प्रभावकारी बनाउन सभापति देउवाको निर्देशन



**कांग्रेस सभापति देउवाले सरकारलाई थप प्रभावकारी बनाउन आवश्यक सहयोग गर्न पनि मन्त्रीहरुसमक्ष आग्रह गर्नुभयो । बैठकमा पार्टी उपसभापति, महामन्त्री, नेता, प्रतिनिधिसभा र राष्ट्रियसभाका प्रमुख सचेतकलगायत व्यक्तिको उपस्थिति थियो । सभापति देउवाले सम्बन्ति मन्त्रालयका मन्त्रीसँग भइरहेका काम र बाँकी कामका बारेमा जानकारी दिलुभएको थियो ।**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारका काम कारबाहीलाई प्रभावकारी बनाउन पार्टीबाट प्रतिनिधित्व गर्ने मन्त्रीलाई निर्देशन दिनुभएको छ।

बुढानीलकण्ठस्थित निवासमा विहिबार भएको पार्टी पदाधिकारीसहित सरकारमा सहभागी मन्त्रीसँगको बैठकमा सभापति देउवाले जनतासँग सरोकार भएका विषयमा सहज र प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्न निर्देशन दिनुभएको कानुन न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले जानकारी दिनुभयो।

"जनतासँग सरोकार भएका विषयमा सेवा प्रवाहलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउनुस्", सभापति देउवाको भनाइ उद्धृत गर्दै मन्त्री चौरसियाले भन्नुभयो, "पार्टीको कामभन्दा सही तरिकाले समय व्यवस्थापन गरेर मन्त्रालयको कामलाई प्राथमिकताका साथ अगाडि बनाउनुस्।"

कांग्रेस सभापति देउवाले सरकारलाई थप प्रभावकारी बनाउन आवश्यक सहयोग गर्न पनि मन्त्रीहरूसमक्ष आग्रह गर्नुभयो । बैठकमा पार्टी उपसभापति, महामन्त्री, नेता, प्रतिनिधिसभा र राष्ट्रियसभाका प्रमुख सचेतकलगायत व्यक्तिको उपस्थिति थियो।

सभापति देउवाले सम्बन्ति मन्त्रालयका मन्त्रीसँग भइरहेका काम र बाँकी कामका बारेमा जानकारी दिलुभएको थियो। उहाँले संसद् अधिवेशन सुरु हुनुपूर्व सम्बन्धित मन्त्रालयअन्तर्गतका कानुन कहाँ पुगेर अड्किएका छन् सोको टुङ्गो लगाउन पनि मन्त्रीहरूलाई निर्देशन दिनुभयो।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामप्रसाद घिमिरेका अनुसार आजको भेटमा सरकारलाई प्रभावकारी र सफल बनाउन सक्रिय ढङ्गले काम गर्न र महत्वपूर्ण विषयमा नियमित छलफल गर्ने निर्णय भएको छ।

विभिन्न समितिमा विचाराधीन विधेयकलाई टुङ्गोमा पुऱ्याउन सक्रियताका साथ कार्य गर्ने, आआफ्नो मन्त्रालयको कार्यक्षेत्रमा रहेका विगतदेखिका भौतिक परियोजना र अन्य कार्यक्रम सम्पन्न गराउने प्रक्रियामा गति बढाउनुपर्नेलगायत विषयमा छलफल गरिएको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षको बजेटमा परेर पनि स्रोत सुनिश्चितताको पर्खाइमा रहेका, बोलपत्र आह्वान हुन नसकेका, निर्माण सुरु भएर अपेक्षित गतिमा काम नभइरहेका विकास आयोजना सम्पन्न गर्न/गराउन आवश्यक पहलकदमी लिने निर्णय भएको प्रमुख सचेतक घिमिरेले बताउनुभयो।

सातामा दुई निश्चित दिन खुल्ला भेटघाट गर्ने, नागरिकको गुनासो सुन्ने, सुझाव लिने र बाँकी पाँच दिन सम्पूर्णरूपले मन्त्रालयको काममा केन्द्रित हुने निर्णय गर्दै सांसद्को चासो, सुझाव, अपेक्षालाई छलफलमार्फत संसदीय दल कार्यसमिति र मन्त्रीहरूले समन्वय गर्ने निर्णय भएको छ।

सभापति देउवाले पार्टीको प्रदेश समिति, जिल्ला, क्षेत्र एवं स्थानीय तहमार्फत पार्टी केन्द्रीय कार्यालयमा आउने गरेका नागरिकका सुझाव र मागका सम्बन्धमा महिनामा एक पटक पार्टी केन्द्रीय पुग्न पनि निर्देशन दिनुभएको छ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारमा कांग्रेसकातर्फबाट १० मन्त्री र दुई राज्यमन्त्री सहभागी हुनुहुन्छ।

बैठकमा मन्त्रीहरूले आ-आफ्नो मन्त्रालयको काम, आइपरका समस्या र गुनासोबारे सभापति देउवालाई जानकारी गराउनुभएको थियो ।रासस

# सीमापार धार्मिक पर्यटन प्रवर्द्धनमा जुट्दै नेपाल-भारत

आगरा। सीमापार धार्मिक पर्यटन प्रवर्द्धनका लागि नेपाल र भारतका पर्यटन व्यवसायीहरूले प्रतिबद्धता जनाएका छन्। नेपालस्थित भारतीय दूतावास, नेपाल पर्यटन बोर्ड र भारतको उत्तरप्रदेश पर्यटन बोर्डको समन्वय र सहकार्यमा आयोजित दुवै देशका पर्यटन व्यवसायीहरूबीचको अन्तरक्रियामा सहभागी व्यवसायीहरू एकापसमा सहकार्य गर्दै पर्यटन प्रवर्द्धनमा जुट्ने प्रतिबद्धता जनाएका हुन्।

सीमा क्षेत्रको पर्यटनका साथै धार्मिक पर्यटन प्रवर्द्धनमा साझेदारी फराकिलो बनाउँदै दुवै देशको परस्पर हित र लाभका लागि सहकार्य गर्ने दुवै मुलुकका पर्यटनसम्बद्ध निकाय तथा व्यवसायीको भनाइ छ। यसैको तयारीस्वरूप नेपाली व्यवसायीहरूलाई भारतका विभिन्न धार्मिकस्थलहरूको छ दिने अवलोकन भ्रमण गराइएको छ। यस क्रममा विश्वप्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थलरू मथुरा, आगरा, प्रयागराज, लखनऊ, बनारस र अयोध्या क्षेत्रको परिचयात्मक भ्रमण तथा पर्यटन व्यवसायीबीच अन्तरक्रिया गरिएको छ।

भ्रमणका क्रममा आगरामा आयोजित कार्यक्रममा दुवै देशका पर्यटन व्यवसायीहरूले दुवै देशको पर्यटन सम्भावना, चुनौती र अवसरबारे खुलेर छलफल गरे। ताजमहललाई पृष्ठभूमिमा राखेर गरिएको 'बिटुबी' कार्यक्रममा दुवै पक्षले आआफ्ना देशका पर्यटकीय क्षेत्रबारे जानकारी समेटिएका पुस्तिकालगायत सम्पर्क नम्बर तथा ठेगाना आदानप्रदान गरे। उत्तरप्रदेश पर्यटन विभागका अतिरिक्त रणनीतिक अधिकृत आकाश दीपले यस प्रकारको कार्यक्रमले दुवै देशको पर्यटन विकासका लागि सहकार्य गर्न महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो।

आगरा ट्राभल एजेन्ट एसोसिएसनका महासचिव कौशलेन्द्र सिंहले नेपाल र भारतबीच रहेको धार्मिक पर्यटनको सम्भावनालाई उजागर गर्न छलफल सफल भएको बताउनुभयो। नेपालका चर्चामा रहेका धेरै पर्यटकीयस्थलबारे जानकारी पाउँदा खुसी लागेको उल्लेख गर्दै उहाँले भारतीय पर्यटकलाई ती धार्मिक एवं पर्यटकीयस्थलमा भ्रमण गर्न उत्प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपाली व्यवसायी तथा नेपाल पर्यटन बोर्डका प्रतिनिधिहरूले नेपालका धार्मिक पर्यटकीयस्थलबारे जानकारी गराए। त्यस अवसरमा व्यवसायीहरूले नेपालका महत्वपूर्ण पर्यटकीय क्षेत्रबारे चर्चा गर्दै त्यहाँ पर्यटकीय गतिविधि बढाउन भारतीय पक्षबाट सहयोगको अपेक्षा व्यक्त गरे। भारतीय पर्यटकलाई ती स्थानमा पठाउन आग्रह गरे। नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक श्रद्धा श्रेष्ठले दुई देशबीचको पर्यटकीय सम्भावनाको उजागर, व्यवसायीबीच सहकार्य अभिवृद्धिका साथै अन्तरदेशीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो।रासस

# 'निजामती सेवालाई समयसापेक्ष बनाउन जनसंख्याको बनाबटबारे थप अध्ययन गरौँ'



काठमाण्डु । जानकारहरुले नेपालको बदलिँदो जनसाख्यिक संरचना र स्वरुपअनुसार निजामती सेवालाई समयसापेक्ष र जनमुखी बनाउन जनसंख्याको बनावट, औसत आयु र श्रमिकको उपलब्धतालगायत पक्षलाई गहिरोसँग अध्ययन गर्न सुझाएका छन्।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको विहिबारको बैठकमा 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि जनसंख्या बनावटका सन्दर्भमा सुझाव दिँदै विज्ञ चेतन अधिकारीले राज्यलाई पर्ने आर्थिक भार, स्वास्थ्य सेवाको अवस्था र सेवाको प्रकृतिका आधारमा कर्मचारीको अवकाशको उमेर निर्धारण गर्न उचित हुने धारणा राख्नुभयो।

शिक्षा, स्वास्थ्य, प्रतिव्यक्ति आय, जीवनशैली, यातायात तथा सञ्चारका सुविधाका कारण नेपालीको औसत आयु बढेको उल्लेख गर्दै अधिकारीले शारीरिक भन्दापनि मानिसक र नीतिगत अभ्यास गर्ने थलो निजामती सेवा भएकाले कर्मचारीको उमेरहद ६३ वर्ष बनाउँदा हुने बताउनुभयो।


निजामती सेवा बृहत रोजागरी उपलब्ध गराउने क्षेत्र नभई सार्वजनिक प्रशासनलाई क्षमतावान् र जनतालाई छिटो सेवा प्रवाह गर्ने इकाइ भएकाले यसलाई रोजगारी सिर्जनाको आधार मान्नु नहुने उहाँको भनाइ थियो।

"यदि ५८ वर्षमा नै निजामती कर्मचारीको सृजनशीलता, शारीरिक तन्दुरुस्ती र कामप्रतिको लगाव कमजोर हुन्छ भनेर मान्ने हो भने सरकारले अवकाश दिनासाथ संवैधानिक आयोगका प्रमुख तथा सदस्य, राजदूत वा अन्य महत्वपूर्ण जिम्मेवारीमा पुनः नियुक्ति किन गरिन्छ ?",उहाँले प्रश्न गर्नुभयो।

जनसंख्याविद् दामोदर ज्ञवालीले निजामती कर्मचारीको सेवा प्रवेशलाई खुला गर्न सुझाव दिँदै उमेरको सीमा नराखी योग्यता र क्षमता तोक्न सकिने बताउनुभयो । उहाँले निजमती कर्मचारीको अधिकृतस्तरको योग्यता स्नातकोत्तर बनाउन सुझाव दिनुभयो।

नेपालको जनसंख्याको विद्यमान बनावटबाट सङ्घीय निजामती सेवामा पर्न सक्ने प्रभावका बारेमा समितिले विहिबार जनसंख्या क्षेत्रका जानकारसँग छलफल गरेको हो। समितिले यसअघि सो विधेयकका सम्बन्धमा लोक सेवा आयोग, कर्मचारी ट्रेड युनियन, राजनीतिक दलका प्रमुख सचेतक, संशोधनकर्ता सांसदसँग छलफल गरिसकेको छ।रासस

# शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत छः प्रधानमन्त्री



कास्की । प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उन्नत बनाउन सरकार प्रयासरत रहेको बताउनुभएको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई सम्बोधन गर्दै कुलपति ओलीले मुलुकमा अनेक क्षेत्रमा परिवर्तन र प्रगति हासिल हुँदै गएकाले ऋषिमुनीले भन्दै आएको 'सर्वे भवन्तु सुखिनः'को आधुनिक रुप 'समृद्ध नेपाल, सुखी नेपाली'को गन्तव्यलाई ध्यानमा राखेर आफूले काम गरिरहेको स्पष्ट गर्नुभयो।

उहाँले व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्नेलाई प्रतिष्ठानको स्थापना र पोखरामै रहेर जनशक्ति उत्पादन हुनु एक दृष्टान्त भएकाले पोखरामा १४ जना बिरामीको मिर्गौला प्रत्यारोपण हुनु विशेष उपलब्धिको विषय भएको जनाउनुभयो। प्रधानमन्त्री ओलीले विश्वको यस भूभाग ज्ञान र खोजको भूमि भएकाले आधुनिक चिकित्सा सुरु हुनु अगावै वेद-विज्ञान र प्राचीन चिकित्सा आरम्भ भएको गौरवशाली इतिहास रहेको स्मरण गराउनुभयो। "हामी उठ्न नसक्ने कुनै कारण छैन । हामी सूचना प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्सको सदुपयोग गर्दै विकासमा अगाडि बढ्नेछौँ।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "चीनले त्यत्रो जनसङ्ख्यालाई छोटो समयमा गरिबीको रेखामुनिबाट उठायो।

हामीले पनि हाम्रो देश आफै बनाउन लाग्नुपर्छ । लागेपछि नेपाल बन्छ।"

प्रधानमन्त्री ओलीले दीक्षित विद्यार्थीलाई दृष्टान्तयोग्य, इमानदार, आदर्शवान् र समाजका लागि उपयोगी हुन सक्नुहोस् भन्ने शुभकामना दिँदै प्रधानमन्त्री ओलीले विद्यार्थी र अभिभावकको आर्थिक लगानी, स्नेह र समयको लगानीको प्रतिफल प्राप्त भएको बताउनुभयो। विसं २०८० र २०८० मा प्रतिष्ठानबाट एमडी र एमएसमा उत्तीर्ण ३८ विद्यार्थीलाई दीक्षित भएका छन् । कुलपति ओलीले उत्कृष्ट विद्यार्थी अरविनदकुमार शाह ९अर्थोपेडिक्स० र आषिश सापकोटा ९जनरल सर्जरी० लाई उपकुलपति पदक वितरण गर्नुभयो।

विश्वविद्यालयका सहकुलपति एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल उपस्थित समारोहमा कारोलिनस्का इन्स्टिच्युट स्टकहोम, स्वीडेनका प्रा मान्गुस वेस्ग्रेनले दीक्षान्त भाषण गर्नुभएको थियो।रासस


**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष : रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । परिवारको साथ र सहयोग मिल्नेछ ।
वृष : दिन सामान्य छ । साना कुरामा विवाद नगर्नु राम्रो हुनेछ ।
मिथुन : दिन रमाइलो छ । परिवारसँग बसेर नयाँनयाँ परिकार खाएर रमाइलो गर्ने अवसर मिल्नेछ ।
कर्कट : अढैया शनि भए पनि शुभग्रहको बहुमत छ । लगानीको क्षेत्रमा घाटा नहुने देखिन्छ ।
सिंह : दिन राम्रो छ । लगानीका क्षेत्र सबल छन् ।
कन्या : दिन सामान्य छ । परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ ।
तुला : बन्धुसँगको कारोबारबाट मनोकामना पूरा हुनेछ ।
वृश्चिक : खटपटी बढ्नेछ । प्रेम सम्बन्धमा सम्हालिएर अगाडि बढ्नुपर्नेछ ।
धनु :विपक्षीको आवाज सुन्ने बानीको विकास नहुँदा घाटा हुने जोखिम छ ।
मकर : दिन सामान्य छ । अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ । हरेक काममा बाधा आइलाग्नेछ ।
कुम्भ : दिन सामान्य राम्रो छ ।
मीन : सोचेका काम बन्नेछन् ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
**जनकपुरधाम ०४१**

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

## प्राप्त उपलब्धिको रक्षा गर्न सबैले आवाज उठाउनुपर्छ : अध्यक्ष दाहाल

चितवन । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताले प्राप्त गरेको उपलब्धिको रक्षा गर्न सबैले आ-आफ्नो ठाउँबाट आवाज उठाउनुपर्ने बताउनुभएको छ ।

चितवनको माडीस्थित सोमेश्वर माध्यमिक विद्यालयको स्वर्ण महोत्सब समारोहलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सबैको चिन्ता संविधान, समावेशिता र सङ्घीयताको संरक्षण गर्ने हुनुपर्नेमा जोड दिनुभयो । सरकारले नियमित सदन बोलाएर विधेयक ल्याउनुपर्ने उहाँको भनाइ थियो ।

“सदन छलेर अध्यादेश ल्याउनु उचित होइन”, अध्यक्ष दाहालले भन्नुभयो । सरकारले संविधान र लोकतन्त्रको मर्म विपरीत अध्यादेश ल्याएको उहाँको आरोप थियो ।रासस

## सुक्खा बन्दरगाह भन्सार : छ महिनाको अवधिमा राजस्व सङ्कलन घट्यो




वीरगञ्ज । सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा रु २३ अर्ब ३४ करोड ३३ लाख १८ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले कूल वार्षिक लक्ष्यको ३८ दशमलव ८७ प्रतिशत मात्रै राजस्व सङ्कलन गर्न सकेको हो ।

गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा कार्यालयको राजस्व सङ्कलन रु एक अर्ब ४५ करोड ४१ लाख ७९ हजारले कमी आएको छ । कार्यालयले चालु आवको साउन महिनामा रु तीन अर्ब ७५ करोड २२ लाख राजस्व सङ्कलन गऱ्यो । त्यस्तै भदौ महिनामा रु चार अर्ब ६४ करोड ३० लाख, असोज महिनामा रु चार अर्ब ३६ करोड ४५ लाख, त्यस्तै कात्तिक महिनामा रु तीन अर्ब ७९ करोड २९ लाख राजस्व सङ्कलन गरेको थियो ।

त्यस्तै मङ्सिर महिनामा रु तीन अर्ब २२ करोड ८४ लाख र पुस महिनामा रु तीन अर्ब ५६ करोड २१ लाख राजस्व सङ्कलन गरेको थियो । कार्यालयले गत आवको छ महिनाको अवधिमा भने रु २४ अर्ब ७९ करोड ७४ लाख ९७ हजार राजस्व सङ्कलन भएको थियो ।रासस

## वनका कर्मचारीलाई तालिम

सिरहा । जिल्लास्थित डिभिजन वन कार्यलयले वनसँग जोडिएका मुद्दालाई त्रुटिरहित बनाउन कर्मचारीलाई तालिम दिन सुरु गरेको छ ।

लहानमा आयोजित तीन दिने ‘कानुनी कार्यविधि’ तालिमको आज जिल्ला अदालत सिरहाका न्यायाधीश माधवप्रसाद मैनालीले उद्घाटन गर्नुभएको हो ।

न्यायाधीश मैनालीले वनसँग जोडीएका मुद्दालाई त्रुटिरहित बनाउन तालिमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । “कतिपय कानुन वन ऐनमा व्यवस्था नभएको हुन सक्छन् । त्यसबेला वन ऐनबाहेक सामान्य कानुन आकर्षित हुन्छन्”, उहाँले भन्नुभयो, “काम गर्ने क्रममा हुनसक्ने अप्ठ्यारा फुकाई सहज र सरल बाटो पहिचान गर्न यस तालिम फलदायी हुन्छ भन्ने विश्वास लिएको छु ।”



अदालतमा मुद्दा दायर गर्दा हुने कमीकमजोरीका सम्बन्धमा प्रष्ट पार्ने उद्देश्यले तालिम आयोजना गरिएको जिल्ला डिभिजन वन कार्यलयका प्रमुख शैलेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो ।

उहाँले आमनागरिकबीच वन कार्यालयप्रति विश्वास कायम राखिराख्न र सम्भावित कानुनी त्रुटिलाई न्यूनीकरण गर्न तालिम उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

सिरहामा एउटा डिभिजन वन कार्यालय र छ वटा सव-डिभिजन वन कार्यालय छन् ।

डिभिजन वन कार्यलयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार कानुनी तालिमको प्रशिक्षण जिल्ला अदालत सिरहाका न्यायाधीश, रेक्टर तथा इलाका प्रहरी कार्यालय लहानका अधिकृतले दिनुहुनेछ ।

डिभिजन वन कार्यालयसहित सव-डिभिजन वन कार्यालय बन्दीपुर, सिरहा, मिर्चैया, चोहर्वा, धनगढीमाई र लहानका गरी २७ जना कर्मचारी तालिममा सहभागी भएका छन् ।रासस

## आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा सेवाग्राहीको आकर्षण बढ्दै



चन्द्रपुर । रौतहटको चन्द्रपुर-६ चन्द्रनिगाहपुरमा रहेको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय चन्द्रनिगाहपुरमा बिरामीको आकर्षण बढेको छ । केही वर्षअघि दैनिक तीन/चारजना मात्र सेवाग्राही आउने उक्त चिकित्सालयमा हिजोआज ५० जनाभन्दा बढी बिरामीहरू उपचारका लागि आउने गरेका छन् ।

चिकित्सालयका सूचना अधिकारी रुपनारायण महतोले चिकित्सालयमा रौतहटका मात्र नभई छिमेकी मुलुक भारतबाट समेत उपचारका लागि आउने गरेको जानकारी दिनुभयो । हरेक वर्ष चिकित्सालयमा आउने बिरामीको सङ्ख्या बढ्दै गएको उहाँले जानकारी दिनुभयो । गत आर्थिक वर्ष २०८०/८१ मा ३१ हजार दुई सय ६६ बिरामीले सेवा लिएकामा १६ हजार एक सय २४ पुरुष र १५ हजार एक सय ४२ जना महिला रहेका महतोले बताउनुभयो ।

प्राप्त तथ्याङ्कअनुसार सो केन्द्रमा सबैभन्दा बढी सन्धिगत बाथरोगका बिरामीहरु बढी आउने गरेको पाइएको छ । गत आर्थिक वर्षमा सो रोगका पाँच हजार ६ सय २० जना बिरामीले उपचार गराएका थिए । यसैगरी, अल्पपित्तका चार हजार सात सय २५ जनाले उपचार गराउनुभएको तथ्याङ्कमा उल्लेख छ ।

चालु आर्थिक वर्षको गत साउनदेखि मङ्सिरसम्म चार हजार तीन सय ५२ महिला र चार हजार सात सय ५४ पुरुष गरेर नौ हजार एक सय ६ जनाले सेवा लिएको सूचना अधिकारी महतोले जानकारी दिनुभयो ।

यहाँ सेवाग्राहीको आकर्षण बढ्दै गए पनि भौतिक पूर्वाधार तथा अन्य स्रोतसाधनको अभावले उपचारमा समस्या भइरहेको चिकित्सालयका प्रमुख डा शिवशङ्कर रायले गुनासो गर्नुभयो । सानो भवन, केमिकलको अभावले थाइराइड जस्ता रोगको परीक्षण गर्न नसकिएको उहाँले बताउनुभयो । “प्रदेश सरकारले पठाउने विभिन्न प्रकारको औषधि आठ/नौ महिनामा नै सकिन्छ । त्यसपछि औषधिको समेत समस्या हुने गरेको छ । स्थानीय सरकारले सहयोग नगर्ने र प्रदेश सरकारले समयमा नै औषधि नपठाउने र पठाएको औषधिसमेत पर्याप्त नहुँदा सेवा प्रवाहमा कठिनाइ हुने गरेको छ”, प्रमुख रायले भन्नुभयो ।

यहाँ बहिरङ्ग सेवा (ओपिडी), ज्येष्ठ नागरिक सेवा (ज्येष्ठ नागरिकलाई रसायन औषधि निःशुल्क वितरण), स्तनपाइ (आमाहरूलाई दूधवर्द्धक औषधि निःशुल्क वितरण), बाथका बिरामीका लागि पञ्चकर्म सेवा, होमियोप्याथिक सेवा र प्रयोगशाला सेवा दिने गरिएको छ । आयुर्वेद सेवा केन्द्रमार्फत अति आवश्यकमध्ये २३, स्तनपाइका दुई र ज्येष्ठ नागरिकलाई तीन प्रकारका औषधिहरू निःशुल्क दिने गरिएको कार्यालय प्रमुख रायले जानकारी दिनुभयो ।

यहाँ उपचारका लागि आउने बिरामीले ‘एलोपेथिक’ बाट हुक्क भएपछि आयुर्वेदतर्फ आकर्षित भएको बताउने गरेका छन् । त्यसैकारण चिकित्सालयको वृत्तिविकासमा सरकारले आवश्यक सहयोग गर्नुपर्ने धेरैको भनाइ छ । गरुडा-९ कमलपटीबाट यहाँ उपचारका लागि आउनुभएका कमल सहनीले वर्षौंसम्म खुट्टा दुखेको समस्याको उपचार गराउँदा पनि समाधान नभएपछि चिकित्सालयमा आएको सुनाउनुभयो । उहाँले चिकित्सालय व्यवस्थापकीय सुधार र पूर्वाधार निर्माणमा ध्यान दिए आफूजस्ता धेरै बिरामी लाभान्वित हुने बताउनुभयो ।

> चिकित्सालयका सूचना अधिकारी रुपनारायण महतोले चिकित्सालयमा रौतहटका मात्र नभई छिमेकी मुलुक भारतबाट समेत उपचारका लागि आउने गरेको जानकारी दिनुभयो ।

गढीमाई- ४ मदनपुर बलुवाकी अमृताकुमारी बैठाले पनि आयुर्वेद चिकित्साबाट आफूजस्ता धेरै बिरामी लाभान्वित भएको भन्दै चिकित्सालयको सुधारका लागि आग्रह गर्नुभयो ।रासस

## हेटौँडा सिमेन्ट उद्योग आर्थिक सङ्कटमा : तीनमहिनादेखि उत्पादन बन्द

बागमती । हेटौँडा सिमेन्ट उद्योगमा आर्थिक सङ्कट गहिरै जाँदा सिमेन्ट उत्पादन अन्यौलमा परेको छ । उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मतको काम गर्नुपर्ने जनाउँदै गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो ।

उपकरण मर्मतसम्भार गरी गत मङ्सिरको पहिलो साताबाटै उत्पादन सुरु गर्ने बताए पनि उपकरण मर्मतको काम नसकिएकाले उत्पादन सुरु गर्न नसकेको उद्योग प्रशासनले जनाएको छ । “उत्पादन सुरु हुन नसक्नुमा उपकरण मर्मत एउटा पाटो हो, तर त्यो मात्रैले पनि उत्पादन रोएिको होइन”, हेटौँडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भन्नुभयो, “आर्थिक समस्या बढ्दै गएकाले कहिलेदेखि उत्पादन सुरु गर्ने भन्ने अन्यौलता बढ्केको हो ।”




“अहिले उत्पादन ठप्प छ, तर नियमित खर्च छ जस्ताको त्यस्तै छ”, हेटौँडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भन्नुभयो, “उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीको तलब भत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ”, “यसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भैइ नै हाल्यो”, उहाँले भन्नुभयो ।

उत्पादन बन्द हुँदा कर्मचारी त्यतिकै बसेर दिन बिताइरहेका छन् । सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेको प्रवक्ता आचार्यले बताउनुभयो ।

उहाँका अनुसार तत्काल उद्योग सञ्चालनका लागि उद्योगलाई चाहिने आवश्यक कच्चा पदार्थको समेत समस्या छ । “उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० टृन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ”, उहाँले भन्नुभयो, “तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।” यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी गर्न सकिएको छैन”, उहाँले भन्नुभयो ।

आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थप्रिएको छ । “विद्युत् उपभोग त गऱ्यो तर महसुल बुझाउन सकिएनौँ”, उहाँले भन्नुभयो, “अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न सकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला”, त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उहाँको कथन छ ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरणहरु पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ । “उपकरण पुरानो र बिग्रिसकेको अवस्थामा छ, त्यस्तो अवस्थामा हामीले अपेक्षाकृत रुपमा सिमेन्ट उत्पादन गर्न सकिरहेका छैनौँ”, उद्योगका प्राविधिक प्रमुख कामेश्वर मण्डलले भन्नुभयो, “ त्यही भएर हामी अहिले पुरानो उपकरणको मर्मत गरिरहेका छौँ, त्यसमा मेकेनिक लगिरहनुभएको छ, धेरै कामहरु सकिसकेको छ र थोरै बाँकी छ, छिट्टै मर्मत काम सक्छौँ ।” त्यसपछि सिमेन्ट उत्पादन गर्न सकिने उहाँको भनाइ छ ।

एकपछि अर्को समस्यासँग जुध्दै आएको हेटौँडा सिमेन्ट उद्योगले गत २०८१ भदौ महिनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको सो उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको सो उद्योग आर्थिक समस्याका कारण थलिएको छ ।

उपकरणको मर्मत कार्य सम्पन्न भएर यही पुस महिनाको दोस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरिए पनि उपकरण मर्मत गर्न अझ समय लाग्ने भएकाले उत्पादनमा ढिलाइ भएको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताउनुभयो ।

“उद्योगको क्लिनिकलर मेसिनलगायतका उपकरणको मर्मत कार्य अझै भइरहेकै छ”, अध्यक्ष भण्डारीले भन्नुभयो, “हामीले पुसको दोस्रो सातासम्ममा मर्मत सकिन्छ र त्यसलगतै पुनः सिमेन्ट उत्पादको कार्य सुरु गर्ने अनुमान गरेका थियौँ ।” तर अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योगको उत्पादन सुचारु हुन अझै केही दिन लाग्न सक्ने उहाँको भनाइ छ ।

उद्योगसँग आर्थिक समस्याका बाबजुत पनि उपकरणको मर्मत कार्यसम्पन्न हुने बित्तिकै सिमेन्ट उत्पादन सुरु गर्ने गरी तयारी भईरहेको उहाँले बताउनुभयो । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मतसम्भारमा समय लागेको बताउनुहुँदै अध्यक्ष भण्डारीले मर्मतसम्भारको काम तीव्ररुपमा भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तैबाट उत्पादन सुरु गर्ने तयारी भएको बताउनुभयो ।रासस


### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा. वि.स. वडा नं. ०१ घर भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ ना.पा. वडा नं. ०५ बस्ने श्री रामजी मण्डल धानुकको नाती, श्री महाबीर मण्डल धानुकको छोरा वर्ष ६० को श्री **राम चन्द्र मंडल धानुक**को मिति २०८०/०३/१३ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४०५३५६ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको पत्नी श्रीमती प्रमिला देवि मंडलले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा** १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन**, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर- २, धनुषा**
**फोन ०४१-५९०२६१**



# Janaknandini Rural Municipality
## Office Of Municipal Executive
### Khajuri, Dhanusha

# REQUEST FOR QUOTATION (RFQ) FOR
## HIRING A CONSULTANCY FIRM TO DESIGN AND FACILITATE THE TRAINING TO ROAD REPAIR AND MAINTENANCE


**(Date of first Publication: 2081/10/03)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment transformation initiative (YETI) Project. Janaknandini Rural Municipality, Dhanusha District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for ***Hiring a Firm Skills Development Training in Janaknandini Rural Municipality, Dhanusha.***
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the project Operations Manual of YETI Project from Request for Quotaion (RFQ).
3. Janaknandini Rural Municipality, Dhanusha District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Janaknandini RM (JANAKNANDINI/PMEP/YETI/01/ 2081/082) | 1000 | 2081/10/17 12:00 Noon | 2081/10/17 12:00 Noon | 2081/10/18 12:00 Noon |

4. Bidder should deposit the cost of bidding document in the office revenue account.
   **Account Holder's Name:** JANAKNANDINI RURAL MUNICIPALITY
   **Account Number:** 1005501691646010
5. The details of the service requirement , eligibility and qualifications required in found in the Terms of Reference (Annex-1).
6. Qualified service providers experience and registered in Dhanusha district will get advantage.
7. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
9. The Janaknandini Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without there by incurring any liability to Bidders/Applicants.
10. For quotation documents and other information, please visit https://janaknandinimun.gov.np/ or contact to the Janaknandini Rural Municipality, Khajuri, Dhanusha.

**Chief Administrative Officer**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शासनको दुर्बल पक्ष

बेइमानको सहारा बहाना मात्र हुन्छ , मधेश प्रदेश सरकार पनि यसैलाई मूल मन्त्र मानि केन्द्रीय सरकारलाई हरेक समस्याको सर्जक भन्दै समयावधि बिताउने समयसारिणी बनाएको छ । केन्द्रले ऐन बनाएनन , केन्द्रले कर्मचारी दिएनन् ,मुख्यसचिव अधिक समय काठमाण्डूमे बसने गरेका छन् , केन्द्रीय सरकारको हस्तक्षेप छ , यी वाक्यहरुलाई भाषण , गुनासोरुपी मालाभैं भएको छ। सरकारको काम कारवाही जनमुखी छैन । मन्त्रीमुखी भएका कारण तेस्रो मुख्यमन्त्री सम्मको अवधिसम्मको संयन्त्र यही परिधिमा सञ्चालन भइरहेको छ । कुनै पनि नियुक्ति , सरुवा , बढुवामा जनता , प्रदेशको समस्या समाधान , विकास निर्माणको गतिमेयतालाई ध्यान नदिइ बेइमानीको सहारा लिएको गुनासोको क्रम न्यून हुने प्रयास भन्दा पनि आर्थिक चलखेल , दलीय स्वार्थले प्रश्रय पाएका अध्यायहरु छन् । जसपा नेपालका मुख्यमन्त्रीले जनता , प्रदेशको विकास भन्दा पनि दलका अध्यक्षको इच्छापूर्तिको सेरोफेरोमा नै सत्ता सञ्चालन गरेको आरोपलाई गलत साबित गर्न सकेनन् भने जनमत पार्टीतर्फबाट मुख्यमन्त्रीले पार्टी अध्यक्ष , पार्टी अध्यक्षका परिवारजन र स्वयम् को महत्वकांक्षाबाट आक्रान्त भएका गुनासोको ओइरो लागेको छ । योजना , नियुक्ति , यी गुनासोहरुको छवि दृष्टिगोचर पनि हुने गरेको छ । शैक्षिक प्रतिष्ठानदेखि आयोगहरुको पदाधिकारी मनोनयनमा पनि सोही स्वरुप देखिएको छ। प्रदेशको हरेक निकाय शिथिल छ। मन्त्रालयहरुमा मन्त्रीको नेमप्लेट , कर्मचारीहरुको स्वेच्छाचारिता मात्र छ । बेला बेलामा अख्तियारले मुद्दा दायरका फैसला सार्वजनिक भइरहेको छ । मन्त्रीदेखि सचिव , कर्मचारी दोषी ठहर भइ रहेका छन् । जनमत पार्टीबाट नेतृत्व गरिरहेका मुख्यमन्त्रीको संरचनाको अवस्था पनि यस्तै यस्तै क्रियाकलाप उन्मुख भएको गुनासो छ । जनमत पार्टीको नेतृत्वका मुख्यमन्त्रीले सत्ता घटकको मन्त्रालयमा पनि हस्तक्षेप गर्ने स्थितिले आन्दोलनसम्मको अवस्था सिर्जना गरिसकेको छ। केही दिन पूर्व डा. सीके राउतले प्रदेश सरकारलाई नेपाली कांग्रेस र एमालेले घेराबन्दी गरेको आरोप लगाएकोमा सत्ता घटकका सांसदहरुले प्रदेशसभामै राउतको अभिव्यक्तिप्रति आक्रोश प्रकट गरे। राउत स्वयम् अलमलमा छन्। राउतको अभिव्यक्तिमा पनि बहाना र दोष देखिदैन। प्रदेशका मुख्यमन्त्रीले स्वास्थ्य मन्त्रालयमा कर्मचारी संयन्त्रमा हस्तक्षेप गरी अस्तव्यस्त बनाएको असन्तुष्टिको ज्वार मुख्यमन्त्रीको पुतला दहनसम्ममा आइ पुगेको छ। विधि सम्मत सत्ता सञ्चालनले जनभाव, समृद्धि , सुशासनको जगलाई दिगो र कदरको अनुभूति गराउँछ । आत्मकेन्द्रित सत्ता सञ्चालनले कुण्ठा , दम्भ , स्वार्थ , अराजकता , कुशासनको वर्चश्व मात्र हुन्छ । संघीयताको नारा भन्ने तर कार्य सम्पादन मर्म विपरीत गर्ने कुरा बेइमानी र बहाना मात्र हुन सक्छ । कार्यान्वयन पक्षमा संघीय भावकोअनुभुति गराउनु सरकारको दायित्व हो , बेइमानीको सहाराले कुनै पनि पद्धति सबल हुन सक्दैन ।

# अर्थतन्त्र समृद्धिको ढोका, अनुगमन संयन्त्र



डा दिनेशचन्द्र देवकोटा

अर्थतन्त्रका उत्पादन, लगानी, उपभोग, बचत, रोजगारी, आम्दानीको अवस्थालाई जनाउने क्षेत्र वास्तविक क्षेत्रको नामले चिनिन्छ। अर्थतन्त्रको आकार र यसमा भएको वृद्धिले अर्थतन्त्रको अवस्थालाई जनाउँछन्। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८०८१ मा नेपालको अर्थतन्त्रको आकार रु ५७ खर्ब चार अर्ब ८४ करोड पुग्ने प्रारम्भिक अनुमान छ । गत आव २०७९८० मा अर्थतन्त्रको आकार रु ५३ खर्ब ४८ अर्ब रहने संशोधित अनुमान छ भने आव २०७८७९ मा अर्थतन्त्रको आकार रु ४९ खर्ब ७६ अर्ब रहने अन्तिम विवरण सार्वजनिक भएको छ।

त्यसैगरी आव २०८०८१ को आर्थिक वृद्धिदर (जिडिपी वार्षिक वृद्धिदर) आधारभूत मूल्यमा ३.५४ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वृद्धिदर आव २०७९८० मा आधारभूत मूल्यमा २.३ प्रतिशत र उपभोक्ताको मूल्यमा १.९५ प्रतिशत हुने संशोधित अनुमान छ। अन्तिम तथ्याङ्कअनुसार आव २०७८७९ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ५.२८ प्रतिशत र उपभोक्ताको मूल्यमा ५.६३ प्रतिशत कायम गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ असोज ३० गते प्रकाशित गरेको तथ्याङ्कअनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादन अघिल्लो आर्थिक वर्ष २०७९८० को चौथो त्रैमासिकको तुलनामा आव २०८०८१ को चौथो त्रयमासमा आधारभूत मूल्यमा २.१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। यो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि तथा पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कुल मूल्य अभिवृद्धिमा भएको बढोत्तरी प्रमुख कारक रहेका छन् । यस अतिरिक्त व्यापार क्षेत्रमा भएको वृद्धि, यातायातमा भएको वृद्धि, सार्वजनिक प्रशासनमा भएको वृद्धिले समग्र अर्थतन्त्र सकारात्मक वृद्धितर्फ उन्मुख रहेको हो। साथै, आव २०७९८० सम्म मुलुकको बेरोजगारी दर ११.४ प्रतिशत रहेको पाइन्छ।

### सरकारी क्षेत्र

सरकारी क्षेत्र (बजेट) २०८१ जेठ १५ गते नेपाल सरकारले सङ्घीय संसद्मा पेश गरेको आव २०८१८२ को बजेटमा कुल खर्च रु १८ खर्ब ६० अर्ब ३० करोड, चालु खर्च रु ११ खर्ब ४० अर्ब ६६ करोड, पुँजीगत खर्च रु तीन खर्ब ५२ अर्ब ३५ करोड, वित्तीय व्यवस्था खर्च रु तीन खर्ब ६७ अर्ब २८ करोड र राजस्व परिचालन रु १२ खर्ब ६० अर्ब ३० करोड, वैदेशिक अनुदान रु ५२ अर्ब ३३ करोड, वैदेशिक ऋण रु दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋण रु तीन खर्ब ३० अर्ब हुने अनुमान गरिएको थियो ।

नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको २०८१८२ को कात्तिक महिनाको तथ्याङ्कअनुसार नेपाल सरकारको कुल खर्च रु चार सय १५ अर्ब २ करोड, चालु खर्च रु दुई सय ९२ अर्ब ५३ करोड, पुँजीगत खर्च रु ३४ अर्ब ५३ करोड, वित्तीय व्यवस्था खर्च रु ८७ अर्ब ९६ करोड रहेको छ । गत आवको सोही अवधिमा नेपाल सरकारको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्च क्रमशः रु तीन सय ५५ अर्ब ६३ करोड, रु दुई सय ७१ अर्ब १७ करोड, रु २९ अर्ब ९९ करोड र रु ५४ अर्ब ४७ करोड रहेको थियो । नेपाल सरकारको गत आवको कुल खर्च र पुँजीगत खर्चको आधारमा चालु आव रु २०८१८२ को कुल खर्च र पुँजीगत खर्चमा बढोत्तरी हुन सुखद पक्ष हो ।

त्यसैगरी चालु आव २०८१८२ को कात्तिकसम्म नेपाल सरकारको राजस्व आम्दानी रु तीन सय २३ अर्ब २४ करोड पुगेको छ भने गत आव २०८०८१ को कात्तिकसम्म नेपाल सरकारको राजस्व आम्दानी रु दुई सय ७६ अर्ब ६४ करोड रहेको थियो। राजस्व आम्दानीको आधारमा सरकारको वित्तीय अवस्थामा सुधार भएको पाइन्छ । साथै, चालु आव २०८१८२ को असोजसम्म नेपाल सरकारले बैदशिक ऋणबापत रु २१ अर्ब ३२ करोड र आन्तरिक ऋणबापत रु एक खर्ब १५ अर्ब प्राप्त गरेकामा गत आव २०८०८१ को असोजसम्म वैदशिक ऋणबापत रु नौ अर्ब ४७ करोड र आन्तरिक ऋणबापत रु ९७ अर्ब ३१ करोड प्राप्त गरेको छ। ऋण आम्दानीको आधारमा सरकारको स्रोत यस वर्षको सोही अवधिमा सुदृढ देखिन्छ।

> राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ असोज ३० गते प्रकाशित गरेको तथ्याङ्कअनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादन अघिल्लो आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिकको तुलनामा आव २०८०/८१ को चौथो त्रयमासमा आधारभूत मूल्यमा २.१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ ।
> यो त्रैमासिकमा अर्थतन्त्रको धनात्मक वृद्धि हुनुमा कृषि उत्पादनमा भएको वृद्धि तथा पर्यटन आगमनमा भएको वृद्धिसँगै होटल क्षेत्रको कुल मूल्य अभिवृद्धिमा भएको बढोत्तरी प्रमुख कारक रहेका छन् ।

### वाह्य क्षेत्र

वाह्य क्षेत्रअन्तर्गत मुलुकको शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिको अवस्था पर्दछ । नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको तथ्याङ्कअनुसार चालु आव २०८१८२ को कात्तिकसम्ममा वस्तु निर्यात रु ५२ अर्ब ६७ करोड, वस्तु आयात रु ५१३ अर्ब ३९ करोड र कुल वस्तु व्यापार घाटा रु ४६० अर्ब ७२ करोड रहेकोमा गत आवको कात्तिक मसान्तसम्ममा वस्तु निर्यात रु ५० अर्ब ५७ करोड, वस्तु आयात रु ५१२ अर्ब ५० करोड र कुल वस्तु व्यापार घाटा रु ४६१ अर्ब ९४ करोड रहेको थियो । गत आवको सोही अवधिको तुलनामा चालु आवमा निर्यात र व्यापार घाटामा सुधार भएको देखिन्छ भने आयातमा झिनो अङ्कले मात्र वृद्धि भएको छ। साथै, चालु आव २०८१/८२ को कात्तिकसम्ममा विप्रेषण आप्रवाह रु ५२१ अर्ब ६३ करोड, चालु खाता १४३ अर्ब ४२ करोडले वचत, शोधनान्तर स्थिति रु २०५ अर्ब ८३ करोडले वचत र विदेशी विनिमय सञ्चिति रु २२५५ अर्ब ३५ करोड रहेको छ।

गत आव २०८०८१ को कात्तिकसम्ममा बिप्रेषण आप्रवाह रु ४७७ अर्ब ९६ करोड, चालु खाता रु ९७ अर्ब १० करोडले वचत, शोधनान्तर स्थिति रु १५० अर्ब २४ करोडले वचत र विदेशी विनिमय सञ्चिति रु १६९६ अर्ब ७८ करोड रहेको थियो । विप्रेषण, चालु खाता वचत, शोधनान्तर स्थिति र विदेशी मुद्रा सञ्चितिको अवस्था गत आर्थिक वर्षको सोही अवधिभन्दा मुलुकको चालु आर्थिक वर्षमा अझ सुदृढ रहेको छ। मुलुकमा २०८१ कात्तिक मसान्तसम्ममा भएको विदेशी मुद्रा सञ्चितिले १५.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्था छ।

### वित्तीय क्षेत्रको अवस्था

चालु आव २०८१८२ को कात्तिकसम्ममा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुमा कुल रु ६६ खर्ब ४४ अर्ब २३ करोड निक्षेप रहेको छ भने तिनै संस्थाबाट रु ५९ खर्ब १२ अर्ब ७९ करोड कर्जा प्रवाह भएको देखिन्छ। यसबाट के बुझिन्छ भने बैङ्क तथा वित्तीय संस्थाहरुमा अझ पनि लगानीयोग्य साधन लगानी हुन नसकेर थुप्रिएको अवस्था छ । बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप तथा कर्जाको व्याजदर पनि घटेको अवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरुको निस्क्रिय कर्जाको अवस्था ३.६६ प्रतिशत रहेको छ । हाल निक्षेपको औसत व्याजदर ५.०१ प्रतिशत र कर्जाको औसत व्याजदर ९.०७ प्रतिशत रहेको छ । वित्तीय पहुँचको अवस्था पनि बढिरहको छ । निक्षेप खाता सङ्ख्या, कर्जा खाता सङ्ख्या, डिजिटल बैङ्किङको प्रयोगकर्ताको सङ्ख्या बढिरहेको छ । मुलुकको पूरानो र ठूलो बैंक राष्ट्रिय वाणिज्य बैङ्कको निक्षेपको तुलनामा कर्जा प्रवाहको अवस्था कमजोर रहेको छ। बैंकको ठूलो लगानीयोग्य साधन निस्क्रिय अवस्थामा रहेको छ । राष्ट्रिय वाणिज्य बैंकको चालु आवको कात्तिकसम्म निक्षेप रु चार खर्ब २८ अर्ब ८० करोड र कर्जा प्रवाह रु दुई खर्ब ६७ अर्ब १५ करोड रहनुले बैंकको कर्जा प्रवाह कम हुन गई नाफासमेतमा सङ्कुचन हुने देखिन्छ।

### अर्थतन्त्र कार्यान्वयन समस्या

नेपाल सरकारको पुँजीगत खर्चमा बढोत्तरी नहुनु, मुलुकको निर्यात क्षमता न्यून र आयात अत्याधिक हुन गई उच्च व्यापार घाटा हुनु, बैंक तथा वित्तीय संस्थाबाट निक्षेप सङ्कलनको तुलनामा कर्जा प्रबाहमा कमी हुनु, मुलुकमा रहेका उद्योग कलकारखाना पूर्ण क्षमतामा नचल्नु, मुलुकको लाखौंको सक्रिय जनसङ्ख्या मुलुकबाहिर रहनुजस्ता कारणले आर्थिक वृद्धिदर उत्साहजनक रहने गरेको छैन । हाम्रो मूल समस्या भनेको नीति, कार्यक्रम तथा बजेट राम्रो आउने तर त्यो कार्यान्वयनचाहि हुने नसक्ने हो।

विदेशी दिएका सहयोग पनि समयमा खर्च हुन सकेको छैन। यता पैसा खर्च हुन नसक्ने, उता जनताले राहत नपाउने विडम्बना छ जसले विकासलाई प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको छ । अहिले नेपालको सबैभन्दा ठूलो अभाव अनुगमनको हो । अझ त्योभन्दा महत्वपूर्ण दण्ड र पुरस्कारको यथोचित व्यवस्थाको अभाव पनि हो। तसर्थ, अहिले नेपालको चुनौती भनेको पुँजीलाई नेपालमा विकास गर्ने क्रममा पनि गरिब र विपन्न वर्गको पक्षमा काम गर्नसक्ने बनाउदै लैजानुपर्छ। मेगा प्रोजेक्टका लागि ठूलो पुजी र प्रविधि आवश्यक पर्छ। त्यो नेपाल बाहिरबाट पनि लिनुपर्ने हुन्छ । तर, त्यसरी लिंदा बहुराष्ट्रिय संस्था वा कम्पनीहरुको स्वार्थका आधारमा होइन, हाम्रो आवश्यकताअनुसार ल्याउनुपर्छ । समाजवादोन्मुख अर्थतन्त्र भनिरहँदा हामीले नेपाल अब सङ्घीय संरचनामा छ भन्ने भुल्नु हुँदैन।

### नयाँ संयन्त्र, समृद्धिको ढोका

नयाँ संविधानमार्फत् २४० वर्षको निरङ्कुश राजतन्त्रात्मक व्यवस्था अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्था प्राप्त भएको छ । नयाँ संविधानपछि आर्थिक कार्यक्रमको हकमा नयाँ संविधानले समाजवादोन्मुख अर्थतन्त्र, समाजवादतिर उन्मुखको अर्थ गरिब, विपन्न, अप्ठ्यारोमा परेको, पछाडि पारिएको वर्गको पक्षमा, महिला तथा अपाङ्गको पक्षमा, केटाकेटी र बृद्धबृद्धाको पक्षमा सामाजिक सुरक्षाका प्रावधानलाई लिएर जाने हो। तर, त्यसलाई अघि लिएर जाँदा मेगा प्रोजेक्टलाई पनि सँगसँगै लैजानुपर्छ।

हामीले छलाङ मार्ने किसिमले काम गर्न सकेनौं भने विकासलाई अगाडि बढाउन सक्दैनौं। तसर्थ, खर्च गर्न पनि नयाँ संयन्त्रको विकास गर्न जरुरी छ। हामी सङ्घीय तथा प्रादेशिक संरचनामा छौं। नीति, कार्यक्रम तथा बजेटलाई प्रदेश र स्थानीय निकाय अनुसार ढाल्नुपर्छ। सङ्घीय, प्रदेश र स्थानीय निकायमा रहेका सम्भावनाहरुलाई कार्यान्वयनमा ल्याउने र देखिएका चुनौतीहरुको कुशल व्यवस्थापनमार्फत प्रदेश र स्थानीयको समृद्धिको ढोका खोल्न सक्नुपर्दछ । सदाचारिता, पारदर्शीता र जवाफदेहीताको प्रवर्द्धनमा सरकार लाग्नुपर्ने देखिन्छ । (लेखक बागमती प्रदेशसभा सदस्य, नेपाल बुद्धिजीवी परिषद्का अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुनुहुन्छ)

# हराए 'पोखराको सम्झना'

जमुना वर्षा शर्मा

पोखरा नेपालको प्रमुख पर्यटकीय शहर, प्राकृतिक सौन्दर्य, तालतलैया र हिमशृङ्खलाको मनोरम दृश्यले पर्यटकलाई आकर्षित गर्ने गन्तव्यका रूपमा परिचित छ। यहाँ आउने पर्यटकहरू केबल मनोरञ्जनका लागि मात्र नभई आफ्नो यात्राको स्मरणका लागि विशेष उपहार खोज्ने गर्छन् । त्यस्तै पोखराको स्मरणीय उत्पादनमध्ये कुनै समय हातेतानबाट तयार गरिएको गलैंचा प्रख्यात थियो। यद्यपि, समयसँगै बढ्दो आयातित सामग्री र बजार व्यवस्थापनको अभावले आफ्नो मौलिकता बोकेको गलैंचाको बजार भने साँघुरिदै गएको छ।

पोखरा महानगरपालिका-२ मोहरिया टोलका पसलहरुमा कुनै समय हातेतानबाट तयार गरिएका गलैंचाहरु प्रशस्त देखिन्थे तर अहिले एकाध पसल मात्र भेटिन्छन् । मोहोरिया टोलमा उमेरले झण्डै ८० पुग्न लागेको बताउनुहुने जग्गेलक्ष्मी जोशी पाँच दशकदेखि गलैंचा व्यवसायबाट गर्दै आएको बताउनुभयो । "झण्डै ५० वर्ष भयो मेरो नन्दले यो व्यवसाय गर्नुहुन्थ्यो, अहिले हामीले पनि निरन्तरता दिएका छौं ।"

